बैठक संख्या: १८।२०८१
बैठक मिति:२०८१।०६।१६ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।०६।१६ गते बुधबार दिउँसो १:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रैनियार | का.व. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: १८।२०८१
बैठक मिति:२०८१।०६।१६ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| २ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| ३ | श्री निरज चौधरी | स.क.अ | |
| ४. | | | |
| ५. | | | |

**प्रस्तावहरु.**

१. आ.व. २०८१।२०८२ योजनाको लागत सहभागिता सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाबाट चालु आ.व. २०८१/०८२ मा भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस वडा नं.३ को लागि रु.७८,००,०००।-(अठहत्तर लाख मात्र) बजेट बिनियोजन भएकोमा यस कार्यपालिकाको मितिः-२०८१/०४/१८ बैठक संख्या १२ को निर्णय नं. ४ को क्र.सं. २ मा उल्लेख भएको क्याम्पस परिसरको खोला व्यवस्थापन वाल तथा शौचालय निर्माण शीर्षकमा रकम रु. २८,००,०००।-( अठ्ठाईस लाख मात्र) को वजेट बाँडफाँड भएकोमा उक्त योजना भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस संचालक समिति मार्फत सञ्चालन गर्ने भनी सम्बन्धित वडा नं.३ को च.नं. २७६ मिति २०८१/०५/०५ गतेको सिफारिस पत्र तथा भादगाउँ सिनुवारी बहुमुखी क्याम्पसको च.नं. १५ मिति २०८१/०५/१८ गतेको सिफारिस पत्र र रकम रु.२०,६२,१०३.६( बीस लाख बैसठ्ठी हजार एक सय तीन रुपैयाँ छ पैसा मात्र) को लागत अनुमान सहित योजना सम्झौताको लागि माग निवेदन पेश गरेकोले यस नगरपालिका र भादगाउँ सिनुवारी वहुमुखी क्याम्पस सञ्चालक समिति बिच मितिः-२०८१/०५/२५ गते २०% लागत सहभागिता नलिइ उक्त योजना सम्झौता भइ सकेकोले रामधुनी नगरपालिका कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को मिति २०८१/०४/०४ गतेको पहिलो बैठकको निर्णय अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरूको २०% लागत सहभागिता

नलाग्ने बिषयमा गरिएको निर्णय नं. २ को "ख" मा सामुदायिक विद्यालयको पूर्वाधार निर्माणमा लागत सहभागिता नलाग्ने भएको निर्णय बमोजिम उक्त योजना सम्झौता भएकोले उक्त सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२ (क)</u>**

क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजकको तलब, भत्ता चालु आ.व मा हाल सम्म प्राप्त नभएको सन्दर्भमा राष्ट्रिय छयरोग केद्र काठमाडौं र जिल्ला स्वास्थ्य कार्यालय सुनसरी मा सम्पर्क गर्दा केन्द्र बाट बजेट पालिकामा आउने प्रकृयामा रहेको भन्ने जानकारी प्राप्त भएको हुँदा हाल लाई पालिकाको आन्तरिक श्रोत बाट भुक्तानी गरि पछि  बजेट प्राप्त भएपछि मिलान गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.२ (ख)</u>**

रामधुनी नगरपालिकाको वडा नं. ८ को च.न २७० मिति २०८१।०६।१६ गतेको प्राप्त पत्रानुसार रामधुनी नगरपालिका वडा नं. ८ को आ.व २०८१।०८२ मा विधूत आयोजनाको लागत सहभागिता बिना सम्झौता गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.२ (ग)</u>**

रामधुनी नगरपालिकाको सभाहलमा A/C जडानका लागि प्राविधिक लागत अनुमान अनुसार खरिद प्रक्रिया अगाडि बढाइ मेसिनरी औजार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२ (घ)</u>**

आ.व २०८१।०८२ को नगरस्तरीय तिज विशेष कार्यक्रम अन्तर्गत रु. २५,०००।(अक्षरेपी पचिस हजार मात्र) विनियोजन गरिएको हुँदा उक्त नगरस्तरीय तिज कार्यक्रम सम्पन्न भएको हुँदा सोही रकम विविध शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

बैठक संख्या: १८।२०८१
बैठक मिति:२०८१।०६।१६ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२ (ङ)

रामधुनी माध्यमिक विद्यालय वडा नं. ४ को च.न ३० मिति २०८१।०६।१४ गतेको प्राप्त पत्रानुसार मिति २०८०।११।१८ गते शुक्रबार का दिन रामधुनी मा.वि लालपुरका प्र.अ श्री ठमिन्द्र प्रसाद बास्तोलाको अध्यक्षता वसेको बैठक अनुसार उक्त विद्यालयमा कार्यरत नि.मा. तह निजि(नगर पालिका अनुदान) शिक्षक षष्टिका चौधरीको मिति २०८१।०४।२७ गते देखि २०८१ भदै, असोज, कार्तिक र चाडपर्व खर्च को आर्थिक सहयोग अनुदान बापतको रकम रु ८४,०००।(अक्षरेपी चौरासी हजार मात्र) वा.वि.के. कर्मचारी तर्फको तलब भत्ता बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२ (च)

रामधुनी नगरपालिकाको आ.व. २०८०।२०८१ को मिति २०८१।०३।१९ गते को टिपणी र आदेश बमोजिम नगर उपप्रमुख तारा थापा ज्यूको संयोजकत्वमा योजना शाखाको कर्मचारीहरूले मिति २०८१।०२।१६ गते देखि मिति २०८१।०३।१८ गते सम्म योजनाहरूको अनुगमन गरे बापतको अनुगमन भत्ता रकम रु १,५९,८००।(अक्षरेपी एक लाख उनसाठी हजार आठ सय मात्र) उक्त टिप्पणी र आदेश मा उल्लिखित नामथर भएका कर्मचारीहरूलाई चालु आ.व २०८१।०८२ को अनुगमन भत्ता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२ (छ)

जनचेतना युवा क्लब को च.न. ०६ मिति २०८१।०६।०४ गतेको प्राप्त पत्रानुसार नेपालीहरूको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभ अवसरमा उक्त क्लब को आयोजनामा १६ औं सुनसरी नकआउट फुटबल प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग बापत रु. ५०,०००।(अक्षरेपी पचास हजार मात्र) शिक्षा तथा युवा खेलकुद शीर्षक बाट सहयोग गर्ने निर्णय गरियो।



CamScanner

बैठक संख्या: १८।२०८१
बैठक मिति:२०८१।०६।१६ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२ (ज)**

रामधुनी नगरपालिका वडा नं. ६ मा निर्माणाधीन १५ शैयाको अस्पताल को Contract Identification :RMY/NCB/BUILDING/07-077/078 सम्बन्धी Bhumi-Buddha-Om Buddha JV को मिति २०८१।०५।२१ गतेको प्राप्त पत्रको विषय Commencement of Arbitration सम्बन्धमा कार्यपालिकामा अवगत गराइयो साथै सो सम्बन्धी निर्माण व्यवसाय, कानुनी सल्लाहकार, विशेषज्ञ र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ काठमाण्डैं सँग आवश्यक परामर्श लिइ आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.२ (झ)**

रामधुनी आदर्श संस्था वडा नं. ४ ईक्राहि मा प्रथम रामधुनी उपमेयर नकआउट फुटवल प्रतियोगिता कार्यक्रम सम्पन्न भई आएको र उक्त कार्यक्रमका लागि आर्थिक सहयोग वापत रु.१,५०,०००।( अक्षरेपी एक लाख पचास हजार मात्र) शिक्षा तथा युवा खेलकुद शीर्षक बाट सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.२ (ञ)**

चालु आ.व. २०८१/०८२ यस नगरपालिकाबाट उपभोक्ता समितिद्धारा सञ्चालन हुने आयोजनाहरूमा उपभोक्ता समितिको तर्फबाट जम्मा गर्नु पर्ने लागत सहभागिता वापतको रकम जम्मा गरे पछि २०% सम्म रकम उपभोक्ता समितिबाट अनुरोध भई आएमा पेश्की स्वरुप उपलब्ध गराउने र बजेट रकम रु.१,००,०००।-(अक्षरेपी एक लाख मात्र) भन्दा कमका योजनाहरूको हकमा पेश्की रकम उपलब्ध नगराउने निर्णय गरियो ।

बैठक संख्या: १८।२०८१
बैठक मिति:२०८१।०६।१६ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं.२ (ट)</u>

रामधुनी नगरपालिकाबाट सञ्चालन गरिने रु २,००,०००।-(अक्षरेपी दुई लाख मात्र) बजेट भन्दा माथिका योजनाहरूको कार्यान्वयन सम्बन्धमा नगर उप-प्रमुखको संयोजकत्वमा यस अघि गठन गरिएको नगर स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र रु २,००,०००।(अक्षरेपी दुई लाख मात्र) बजेट भन्दा मुनिका योजनाहरूको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित वडाको वडाअध्यक्षको संयोजकत्वमा गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो।

तपसिलः

नगर स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति

१. नगर उप-प्रमुख श्री तारा थापा - संयोजक

२. कार्यपालिका सदस्य श्री सोम कुमारी सुनुवार - सदस्य

३. कार्यपालिका सदस्य श्री राजेन्द्र कुमार शाह बादी - सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत श्री प्रमोद कुमार चौधरी -सदस्य

५. प्रमुख, योजना शाखा श्री विनय कुमार परियार -सदस्य सचिव

६. आमन्त्रित, सम्वन्धित प्राविधिक इन्जिनियर- सदस्य

वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति

१. सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

२. सम्वन्धित वडाको वडा सदस्यहरू- सदस्य

३. नगरपालिकाको इन्जिनियर वा सम्वन्धित योजना हेर्ने प्राविधिक कर्मचारी -सदस्य

४. सम्वन्धित वडाको वडा सचिव -सदस्य सचिव

CamScanner